# लम्कीचुहा नगरपालिकामा हरियो वन कार्यक्रम

## लम्कीचुहा नगरपालिकाको परिचय




वि.सं. २०७१ मा चुहा र बलिया गाविस मिलाएर यस लम्कीचुहा नगरपालिका घोषणा भएको थियो । नेपाल संघियतामा प्रवेश भए पश्चात नया संरचना अनुसार २०७४ मा प्रतापपुर गाविस थपिएर नगरपालिका घोषणा भएको यस नगरपालिकाको पूर्वमा कर्णाली नदी, पश्चिममा बर्दगोरिया गाउँपालिका, उत्तरमा मोहन्याल गाउँपालिका र दक्षिणमा जानकी गाउँपालिका सीमाना पर्दछन् । यस नगरपालिका समुद्री सतहदेखि करिब १०९ देखि १९५० मिटरसम्मको उचाइमा अवस्थित छ । यस लम्कीचुहा नगरपालिकामा कुल १६,४४० घरधुरीमा ९६,२६५ जनसङ्ख्या र औसत परिवार सङ्ख्या ६ रहेको छ जसमध्ये ४५,१२५ पुरुष र ५१,१४० महिला रहेका छन् । यस नगरपालिकामा मिश्रित जातजातिको बसोवास भएतापनि जनजाति, दलित र बाहुन क्षेत्रीको बाहुल्यता रहेको छ । उष्ण मनसुन र उपोष्ण हावापानी रहेको यस नगरपालिका क्षेत्रमा जलवायु जन्य परिवर्तन तथा विपद तथा जोखिमका मुख्य प्रकोपहरुमा बाढी, सुख्खा खडेरी, डढेलो, हावाहुरी, रोगकिरा, मिचाहा प्रजाति, डुबान, कटान, पटान क्रमश रहेका छन। यस नगरपालिकाको स्थानीय विपद् जोखिम व्यवस्थापन तथा स्थानीय अनुकूलन कार्ययोजनाअनुसार अति उच्च सङ्कटासन्न वडाहरुमा ३, १० र ९, उच्चमा ७, ८ र ५, मध्यममा ६ र ४, र न्युनमा १ र २ रहेको छ ।

यस नगरपालिकामा बसोबास गर्ने बासिन्दाहरुको प्रमुख पेशा एवं जीविकोपार्जनको आधार कृषि तथा पशुपालन, नोकरी, ज्याला मजदुरी साथै वैदेशिक रोजगारी रहेको पाइन्छ । यस नगरपालिकाले वातावरणमैत्री भौतिक पूर्वाधार निर्माण, मानव संसाधन व्यवस्थापन, विपद् पूर्वतयारी जस्ता विषयहरुमा कार्यक्रमहरु लागु गरिरहेको छ । आमजनताको प्रत्यक्ष सहभागिताबाट योजना बनाई कार्यक्रमहरु लागु भएकाले सो कार्यक्रमहरुमा स्थानीय बासिन्दाहरुको अपनत्व रहेको छ भने हरियो वन कार्यक्रमले तिनै कार्ययोजनाहरुको सफल कार्यान्वयनका लागि आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिरहेको छ ।

विश्वव्यापी रुपमै जलवायु परिवर्तनले व्यापक चर्चा पाइरहेको वर्तमान सन्दर्भमा यस नगरपालिकामा समेत जलवायु परिवर्तनका लक्षण तथा प्रभावहरु देखा पर्न थालिसकेका छन् । जलवायुजन्य प्रकोपहरु जस्तै बाढी, डुबान, कटान तथा पटानका साथै वन्यजन्तु आतंक, खडेरी, हावाहुरी, आगलागी, मिचाहा प्रजाति, कृषिबालिमा रोग तथा किरा, शितलहर, आदी यस नगरपालिकाका प्रमुख प्रकोपहरु हुन् ।

## लम्कीचुहा नगरपालिकामा हरियो वन कार्यक्रमको भूमिका

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडि) को सहयोगमा सञ्चालित हरियो वन कार्यक्रमको उद्देश्य नेपाली समुदाय र जैविक विविधतालाई लाभ पुऱ्याउनु हो । हरियो वन कार्यक्रम डब्लुडब्लुएफ नेपाल, केएर नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ र राष्ट्रिय प्रकृति संरक्षण कोष सहित चारवटा संस्थाले संयुक्त रूपमा कार्यान्वयन गरिरहेका छन् । कार्यक्रमको पहिलो चरण सन् २०११ मा सुरु भएर सन् २०१६ मा अन्त्य भएको थियो । पहिलो चरणका उल्लेखनीय उपलब्धि र सिकाईहरूलाई अवलम्बन गर्दै कार्यक्रमको दोस्रो चरण सन् २०१६ देखि नै सुरु भई ५ वर्षसम्मका लागि सञ्चालन भइरहेको छ । यस कार्यक्रमले चितवन अन्नपूर्ण भू-परिधि र तराई भू-परिधिमा काम गर्छ । यसका दुई कार्यक्षेत्र जैविक विविधता संरक्षण र जलवायु परिवर्तन अनुकूलन रहेका छन् । यी दुई कार्यक्षेत्र भित्र बजारमा आधारित जीविकोपार्जन, सुशासन र लैंगिक समानता तथा सामाजिक समावेशीकरणका कार्यक्रम पर्दछन् ।

हरियो वन कार्यक्रमले यस नगरपालिकामा पहिलो चरणदेखि नै कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । विपन्न वर्ग तथा पिछडिएका समुदायहरुको उल्लेख्य बसोबास भएको यस नगरपालिकामा हरियो वन कार्यक्रमले जैविक विविधता संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धि सवालहरुलाई सम्बोधन गर्नका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेको छ । भू-क्षय, वन्यजन्तु चोरी-सिकारी, अव्यवस्थित पूर्वाधार निर्माण, वन पैदावारको गैह्रकानुनी संकलन, अतिक्रमण, मानव-वन्यजन्तु द्वन्द्व, जलवायुजन्य प्रकोपहरु (जस्तै बाढी, डुबान, कटान तथा पटानका साथै खडेरी, हावाहुरी, महामारी, आगलागि), लैङ्गिक असमानता तथा सामाजिक बञ्चितिकरण, जीविकोपार्जन सुधार र प्राकृतिक स्रोत व्यवस्थापन समूहहरुमा सुशासन तथा समावेशीकरण आदि विषयहरुका समाधान तथा न्यूनीकरणकाका लागि लम्कीचुहा नगरपालिकामा विभिन्न कार्यक्रमहरु सञ्चालन भइरहेका छन् ।

नेपाल सरकारले स्थानीय समुदायको जीविकोपार्जनमा सुधार ल्याउन, अनुकूलित क्षमता वृद्धि, विपद् जोखिम व्यवस्थापन र समानुकुलन बढाउन जलवायु परिवर्तन नीती २०६७, राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा) २०६७,  र स्थानीय अनुकूलन कार्ययोजना (लापा) २०६८ साथै वातावरणमैत्री स्थानीय शासन प्रारूप २०७० संरचना तयार पारी स्थानीय अनुकूलन एवं विपद् जोखिम व्यवस्थापनलाई जोड दिइरहेको परिप्रेक्ष्यमा कैलाली जिल्लाको सङ्कटासन्न अवस्थामा रहेको र २०७१ सालमा घोषित नयाँ लम्कीचुहा नगरपालिकाका लागि स्थानीय सरोकारवालाहरूको सहमतिमा स्थानीय सरकार संचालन ऐन २०७४ र स्थानिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ अनुकूल हुने गरी स्थानीय विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन योजना दोस्रो संसोधन २०७५ तयार पारिएको थियो ।

लम्कीचुहा नगरपालिकाको यस योजना तयारी तथा अद्यावधिक गर्ने कार्य नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, युएसएआइडिको आीर्थक सहयोग र केयर नेपाल, हरियो वन कार्यक्रम, सामुदायिक वन उपभोक्ता महासंघ कैलाली तथा विज्ञ परामर्शदाताहरूको सहजीकरणमा नगरपालिका तथा यस अन्तर्गतको स्थानिय जलवायु तथा विपद् जोखिम उत्थानशिल समिति, लम्कीचुहा, कैलालीको समन्वय मार्फत सम्भव भएको हो । आ.व.२०७७/७८ सम्मको लागि स्थानीय विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन कार्ययोजना दोस्रो संसोधन २०७५ तयार पारिएको थियो । सो योजनाको निर्माण पश्चात स्थानीय तहको पुनर्संरचना भएकाले सो विषयलाई समेटी २०७४ मा केयर नेपाल तथा निड्स नेपाल, हरियो वन कार्यक्रमको सहयोगमा **पहिलो पटक** र नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग समेतको सहकार्यमा **दोस्रो पटक २०७५ मा अद्यावधिक** गरिएको हो । उक्त योजनामा उल्लिखित लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि नगरपालिका र अन्य सरोकारवाला निकायहरुसँग सहकार्य, समन्वय र साझेदारी गरी सकंटासन्न वडा तथा समुदायहरुमा हरियो वन कार्यक्रमद्वारा निम्नानुसारका क्रियाकलाप सञ्चालन भइरहेका छन् ।

| सि.नं. | क्रियाकलापहरु | इकाई | परिमाण | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | जैविक विविधता संरक्षण | | | | |
| १.१ | समुदायमा आधारित चोरीशिकार नियन्त्रण इकाई परिचालन | समूह | १५ | १५ वटा सामुदायिक वनहरु | लम्कीचुहा नगरपालिकामा रहेका १५ वटा सामुदायिक वनहरुमा 'समुदायमा आधारित चोरीशिकार नियन्त्रण इकाईहरु गठन साथै परिचालनमा हरियो वन कार्यक्रमले सहयोग पुऱ्याएको छ । यी चोरीशिकार नियन्त्रण इकाईहरुमा १७५ स्वयंसेवी युवाहरु आबद्ध छन् जसमा ५७ जना महिला, ४७ जना जनजाति तथा ३० जना दलितहरु रहेका छन् । |
| १.२ | बजारमुखी जीविकोपार्जन: बजारमा आधारित वैकल्पिक जीविकोपार्जन विकास तथा प्रवर्द्धन | | | | |
| १.२.१ | नेपाली ढाका कपडा उद्योग विकास | संख्या | १ | लम्कीचुहा नगरपालिका वडा नं १, कैलाली | ढाका उद्योग स्थापना तथा व्यवस्थापन, ४ वटा ढाका कपडा बुन्ने तानहरुको उद्योगमा व्यवस्थापन, ३ महिने ढाका कपडा बुनाई ५ जना महिला उद्यमीहरुका लागि प्रशिक्षकद्धारा सैद्धान्तिक र व्यवहारिक सीप दक्षता प्रदान, उद्योगका लागि आवश्यक पर्ने कच्चा प्रदार्थहरु व्यवस्थापन ।<br>अन्य सम्बन्धित आवश्यक कार्यक्रम र बजार व्यवस्थापन |
| १.२.२ | मादल उद्यम प्रवर्द्धन लागि सहयोग | संख्या | १ | लम्कीचुहा नगरपालिका -३, कैलाली | मादल उद्यम सीप तथा दक्षता विकासका लागि तालिम, मेसिन तथा कच्चा प्रदार्थ सहयोग, व्यवसायिक योजना निर्माण तथा सकंटासन्नता विश्लेषण |
| १.२.३ | सीपमुलक तालिम | संख्या | ९७ | लम्कीचुहा नगरपालिका | तालिम सञ्चालन पश्चात विद्यालयबाट बाहिरिएका एवं कुनै पनि किसिमको प्राविधिक शिक्षा तथा व्यावसायिक सीप नपाएका युवा तथा वयस्क जनशक्तिलाई जीवन निर्वाहका लागि आयआर्जन हुने कार्यमा संलग्न गराउन सकिएको |
| १.३ | बायोग्याँस | घरधूरी | ४७ | ५ सामुदायिक वन | पर्यावरण संरक्षणमा सहयोग पुग्नुका साथै लाभान्वित समुदायहरु ईन्धनका लागि वनमा आश्रित हुने क्रममा उल्लेख्य सुधार |
| २. | योजना तर्जुमा प्रक्रियामा जलवायु परिवर्तन अनुकूलनको मूलप्रवाहीकरण | | | | |
| २.१ | जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम व्यवस्थापनको मूलप्रवाहीकरण अभिमुखीकरण तालिम कार्यक्रम | संख्या | १ | लम्कीचुहा नगरपालिका | जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम व्यवस्थापनको मूलप्रवाहीकरणबारे स्थानिय सरकार जनप्रतिनिधी तथा सरोकारवाला निकाय तथा समुदाय लक्षित वर्गहरुलाई सचेतना तथा क्षमता विकास अभिवृद्धि |
| २.२ | जिल्ला परियोजना सल्लाहकार समिति/ जिल्ला वन क्षेत्र | संख्या | १ | कैलाली | जिल्ला स्थित सरोकारवाला निकायहरु, स्थानिय सरकार तथा सम्बनधित लक्षित समुदायका वर्गहरुलाई कार्यक्रमका विविध |

| सि.नं. | क्रियाकलापहरु | इकाई | परिमाण | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| | समन्वय समिति (DPAC/DFSC C) बैठक तथा सयुक्त अनुगमन | | | | क्रियाकलापहरुको बारेमा जानकारी, सल्लाह सुझाव तथा आवश्यक परिमार्जन सँगै क्रियाकलापको संयुक्त कार्यान्वयनका लागि साझेदारी, सहकार्य तथा समन्वयको वातावरण विकास |
| २.३ | सिकाई आदान प्रदान तथा योजना तर्जुमाको लागि पालिका तहमा वैठक | पटक | ३ | लम्कीचुहा नगरपालिका, कैलाली | वर्षिक कार्ययोजना अनुसारको क्रियाकलापहरुको सिकाई आदानप्रदान, प्रगति समिक्षासँगै सयुंक्त क्रियाकलाप कार्यान्वयनका लागि आवश्यक सहकार्य, समन्वय तथा साझेदारी |
| २.४ | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयारी निर्देशिका अनुरुप स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना अद्यावधिक तथा प्रकाशन | पटक | १ | लम्कीचुहा नगरपालिका, कैलाली | लम्कीचुहा स्थानिय विपद् जलवायु उत्थानशिल समिती तथा सरोकारवाला निकायहरुका प्रतिनिधी सहितको अन्तरक्रियात्मक गोष्ठी मार्फत अनुकुलन कार्ययोजना पुनरावलोकन (फरक प्रभाव सम्बोधन प्रतिकार्य योजना सहित) |
| ३ | जलवायु परिवर्तन अनुकूलनका लागि पूर्व तयारी तथा अनुकूलन | | | | |
| ३.१ | स्थानिय अनुकुलन कार्य योजनाका प्राथमिकिकृत क्रियाकलापहरुको कार्यान्वयन गर्न सहयोग गर्ने | | | | |
| ३.१.१ | सचेतना/क्षमता अभिवृद्धि र शुसासन | स्थानिय अनुकुलन कार्य योजनाको संख्या | १ | लम्कीचुहा नगरपालिका | बाँस वृक्षारोपणमा सहयोग, नगरक्षेत्रमा लगाईएका बोट बिरुवा सरक्षणका लागि ट्री गार्ड सहयोग |
| ३.१.२ | जलवायु अनुकुलित वा उत्थानशिल जीविकोपार्जन र फरक प्रभाव सम्वोधनका कार्यक्रम | संख्या | १ | लम्कीचुहा नगरपालिका वडा नं १० | मुस्लिम टोलका ५ घरधुरीलाई ३ महिने सिलाई कटाई तालिम पश्चात मेसिन सहयोग मार्फत आयमुलक कार्यतर्फ जोड्दै आत्मनिर्भरसँगै जिवीकोपार्जनमा टेवा |
| ३.१.३ | साना संरचना तथा अनुकुलन प्रविधी एवं विपद जोखिम न्यूनीकरण संरचना निर्माण | संख्या | ३ | लम्कीचुहा नगरपालिका वडा नं १० लम्की चुहा नगरपालिका वडा नं ३ | • पथरिया नदी मुस्लीम टोल तटबन्ध निर्माण<br>• मालिका सा.व.उ.स अन्तरगत चरेला खोला तटबन्ध निर्माण<br>• व्यवस्थितनगर तटबन्ध निर्माण |
| ३.१.४ | हरित नगर निर्माणका लागि नगर क्षेत्रका सडकहरुमा | संख्या | ४८७ | लम्कीचुहा नगरपालिका वडा नं २, | ५.२५ कि.मी सडक क्षेत्रमा हरित नगर निर्माणका लागि नगर क्षेत्रका सडकहरुमा वृक्षारोपण सरक्षंणका लागि  ट्री गार्ड सहयोग |

| सि.नं. | क्रियाकलापहरु | इकाई | परिमाण | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| | वृक्षारोपण सरक्षंणका लागि ट्री गार्ड सहयोग | | | ४, ५, ६, ८, ९, १० | |
| ३.१.५ | योजना तर्जुमा, अनुगमन, पुनरावलोकन तथा सिकाई आदान प्रदान | पटक | ६ | लम्कीचुहा नगरपालिका | लापा योजना माथिको छलफल, एकीकृत लापा क्रियाकलाप कार्यान्वयन, क्रियाकलाप कार्य प्रगति समिक्षा, फिल्ड स्तरीय अनुगमन तथा समिक्षा |
| ३.१.६ | जलवायु परिवर्तन अनुकुलन, विपद जोखिम व्यवस्थापनबारे विद्यालय, सामुदायिक सिकाई तथा कार्य केन्द्र र सा.व.उ.सलाई अभिमुखीकरण तालिम कार्यक्रम | संख्या | ५ | लम्कीचुहा नगरपालिका वडा नं १, वडा नं ३, वडा नं १० | विद्यालय, सामुदायिक सिकाई तथा कार्य केन्द्र र सा.व.उ.स.का गरेर २०७ जना सहभागीहरुलाई जलवायु परिवर्तन अनुकुलन, विपद जोखिम व्यवस्थापनबारे लाई अभिमुखीकरण |
| ३.१.७ | विपद सिकाई केन्द्रको स्थापना | संख्या | १ | लम्कीचुहा नगरपालिका वडा नं ३ | जलवायु परिवर्तन अनुकुलन र विपद जोखिम व्यवस्थापन बारे २ वटा स्कुलमा अभिमुखीकरण कार्यक्रम<br>राष्ट्रिय माध्यमिक विधालयमा विपद सिकाई केन्द्रका लागि सरसामग्री सहयोग |
| ४ | लैङ्गिक समनता तथा सामाजिक समावेशीकरण | | | | |
| ४.१ | महिला नेतृत्व विकासमा पुरुष तथा निर्णायक वर्गको संलग्नता | पटक | १ | लम्कीचुहा नगरपालिका वडा नं १ | नगरपालिका क्षेत्रका वन समुहका कार्यसमिती पदाधिकारीहरुलाई ४ दिने तालिम तथा कार्ययोजना कार्यान्वयन |
| ४.२ | सामाजिक रुपान्तरणका क्रियाकलाप कार्यान्वयनका लागि पोष्ट सामुदायिक सिकाई तथा कार्यकेन्द लाई सहयोग | पटक | १ | लम्कीचुहा नगरपालिका वडा नं ३ | चेतना सामुदायिक सिकाई तथा कार्य केन्द्र मार्फत विद्यमान सामाजिक सवाल छाउपडि प्रथा उन्मुलन ,सीप, क्षमता विकासमा अभिवृद्धी, बाल विवाह, चुरे सरक्षण सामुदायिक सिकाई तथा कार्य केन्द्र मार्फत जाडँरक्सी तथा लागुपर्दाथ दुर्व्यसनी नियन्त्रण तथा रोकथामका लागि अभियान तथा कार्यक्रम सञ्चालन |
| ४.३ | सामाजिक रुपान्तरणका क्रियाकलाप कार्यान्वयनका लागि बादी बस्ती तथा मुस्लिम टोलमा सामुदायिक सिकाई तथा कार्यकेन्द्र | संख्या | २ | लम्कीचुहा नगरपालिका वडा नं ३ र वडा नं १० | सामाजिक रुपान्तरणका क्रियाकलाप कार्यान्वयनका लागि बादी बस्तीमा सा.व.उ.समा सदस्यता, सुआहारा कार्यक्रमको साझेदारीमा पोषण तथा सरसफाई कार्यक्रम, नागरिकताका लागि पैरवी, मुस्लीम टोलमा महिलाको कार्यबोझ कम, महिलाको गतिशिलतामा अभिवृदी, जिवीकोपार्जन तथा आर्यआर्जनका |

| सि.नं. | क्रियाकलापहरु | इकाई | परिमाण | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| | स्थापना तथा सहयोग | | | | क्रियाकलाप, सुआहारा कार्यक्रमको साझेदारीमा पोषण तथा सरसफाई कार्यक्रम, नागरिकताका लागि पैरवी |
| ४.४ | लै.स.सा.स सम्बन्धी सा.व.उ.स.मा आन्तरिक निती तथा योजना निर्माण | सा.व.उ.स | ४ | लम्की चुहा नगरपालिका वडा नं १, वडा नं ३ र वडा नं ४ | चेतना सा.व.स<br>जनकल्याण सा.व.उ.स<br>कोपिला सा.व.उ.स<br>मात्रृभुमी सा.व.उ.स<br>सावउसको क्षेत्रमा पनि महिला, दलित, आदिवासी, जनजाती, मधेसी र अन्य विपन्न समुह लगायतको समावेशी सहभागिता, सहभागितामूलक निर्णय प्रक्रिया तथा न्यायोचित प्राकृतिक स्रोत तथा लाभांश वितरणको सुनिश्चितता गर्न साथै लैङ्गिक हिंसा तथा विभेदलाई अन्त्य गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कायम गर्न निती तथा योजना निर्माण |
| ५ | शुसासन | | | | |
| ५.१ | प्राकृतिक स्रोत व्यवस्थापन समुहमा संस्थागत क्षमता विकास मार्गदर्शन मार्फत क्षमता विकासमा सहजिकरण | समुह | ९ | लम्की चुहा नगरपालिका वडा नं १, वडा नं ३, वडा नं ६ र वडा नं ८ | मालिका सा.व.उ.स<br>जनकल्याण सा.व.उ.स<br>कोपिला सा.व.उ.स<br>चेतना सा.व.उ.स<br>देउराली सा.व.उ.स<br>चिसापानी कर्णाली सा.व.उ.स<br>छतिवन सा.व.उ.स.<br>मात्रृभुमी सा.व.उ.स<br>पथरैया सा.व.उ.स |
| ५.२ | प्राकृतिक स्रोत व्यवस्थापन समुहहरुको संस्थागत क्षमता पुनःआँकलन | समुह | ९ | लम्कीचुहा नगरपालिका वडा नं १, वडा नं ३, वडा नं ६ र वडा नं ८ | मालिका सा.व.उ.स<br>जनकल्याण सा.व.उ.स<br>कोपिला सा.व.उ.स<br>चेतना सा.व.उ.स<br>देउराली सा.व.उ.स<br>चिसापानी कर्णाली सा.व.उ.स<br>छतिवन सा.व.उ.स.<br>मात्रृभुमी सा.व.उ.स<br>पथरैया सा.व.उ.स |
| ५.३ | समाधानको स्थानिय उपाय सम्बन्धि तालिम | संख्या | १ | लम्कीचुहा नगरपालिका वडा नं. १ | पातको थैलामा बेर्ना उत्पादन |

## मुख्य उपलब्धिहरु

- चोरीशिकार नियन्त्रण इकाईका युवाहरुले वन र वन्यजन्तुको चोरीशिकार तथा अवैध ओसारपसारलाई निरुत्साहित गर्ने, समुदायमा सचेतना फैलाउने, कानुन नियमन निकायलाई सहयोग गर्ने, मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा वन डढेलो नियन्त्रणमा सहजीकरण गर्ने जस्ता कार्यमा प्रभावकारी भूमिका निर्वाह गर्दै आएका छन् ।
- सीपमूलक तालिम सञ्चालन पश्चात उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका लागि न्यूनतम अवसर प्राप्त गर्नबाट समेत बञ्चित भएकाहरूलाई यस्तो शिक्षा र तालिमका अवसरहरू प्राप्त गर्न सहज र उपयुक्त वातावरण तयार भएको छ ।
- बादी समुदायको परम्परागत मादल निर्माणमा सहयोग पुऱ्याउनका लागि ९ सदस्यीय बल्चौर खमारी मादल उधम विकास समिती गठन भएको छ । ३ जना मादल उद्यमीहरुलाई उद्योग स्थापना तथा दिगो विकासका लागि विविध क्रियाकलापहरु प्रभावकारी रुपमा कार्यान्वयन हुन सहयोग पुगेको छ ।
- बायोग्याँसको निर्माणबाट पर्यावरण संरक्षणमा सहयोग पुग्नुका साथै लाभान्वित समुदायहरु ईन्धनका लागि वनमा आश्रित हुने क्रममा उल्लेख्य सुधार आएको छ । यसबाट ती घरधूरीहरुमा स्वास्थ्यमा पर्ने प्रतिकुल असर र ईन्धनका लागि आर्थिक भारमा पनि कमी आएको छ ।
- बजारमा आधारीत वैकल्पीक जीविकोपार्जन विकास तथा प्रर्वद्धनका लागि आयमुलक क्रियाकलापहरुमा जोड्नका लागि उद्यम विकासका लागि सकंटासन्न बादि समुदायका विपन्न तथा अति विपन्न घरधुरीलाई आवश्यक प्राविधिक तालिम र सरसामग्री सहयोगले सो समुदाय आयमुलक कार्यसँग जोडिँदा जीवनस्तर सुधारमा सहयोग भएको पाईएको छ ।
- पहिलो वर्ष (२०६८ साल), बलिया गाविस (हाल लम्कि-चुहा नगरपालिका) स्थित विरेन्द्र, जनकल्याण, त्रिशक्ति प्रस्तावित सामुदायिक वन उपभोक्ता समूहमा ३ वटा १६ हप्ते सामुदायिक सिकाई तथा कार्य केन्द्र संचालन मार्फत करिव ७५ जना महिला सहभागीहरु मध्ये सिकाई केन्द्रको दिगोपनाको छलफल गर्दा सहकारी संस्था स्थापना गर्ने क्रममा चुरे बचत तथा ऋृण सहकारी संस्था लिमिटेड स्थापना भएको छ ।
- दोश्रो वर्ष (२०६९ साल) पनि जनकल्याण, कोपिला र विरेन्द्र सामुदायिक वन उपभोक्ता समूहमा संचालन भएको सामुदायिक सिकाई तथा कार्य केन्द्रका सहभागीहरु पनि आवद्ध भई संस्थाले सकारात्मक गति लिदै ६ वटा सिकाई केन्द्रका सहभागीहरुका अलावा समुदायका अन्य व्यक्तिहरु पनि संस्थामा आवद्ध भएपछि संस्थाको स्थापना भएको थोरै समयको अन्तरालमा नै यो सहकारी संस्थाले करिव ५२६ जना शेयर सदस्यहरुको माझमा नियमित बचत तथा ऋृण परिचालन गरिरहेका छन् भने करिव दुई करोड सैतिस लाख बरावरको कारोवार गर्न सफल भएको छ।
- सिकाई केन्द्रका सहभागीहरु तथा सहकारी संस्थाका शेयर सदस्यहरुको पहलमा लम्कि-चुहा नगरपालिका - १ (हाल बलिया ८) स्थित पूर्व लम्कीमा महिला जागरण सामुदायिक वन उपभोक्ता समूह दर्ता गरेका छन् भने अन्य स्थानमा पनि वन संरक्षण तथा व्यवस्थापन कार्यमा महिलाहरुको सहभागितामा वृद्धि हुदै गएको छ ।
- महिला सहभागिता र विकासलाई साझेदारीका माध्यमबाट अभिवृद्धि गर्ने र आर्थिक सुधार ल्याउने अभिप्रायले यस नगरपालिकाका महिलाहरु लाभान्वित हुने गरी ढाका बुनाई तालिम कार्यक्रम अन्तरगत २०७५ सालमा लम्कीचुहा नगरपालिका कार्यालयबाट रु. २,५०,०००।-, हरियो वन कार्यक्रमबाट रु. १,५०,०००।- र चुरे सरक्षंण महिला बचत तथा ऋृण सहकारी सस्था लिमिटेडबाट रु. ३,००,०००।- गरी कुल बजेट रु. ७,००,०००।- लगानी गरी तपशिल बमोजिमका क्रियाकलापहरु कार्यान्वयन गरिएको थियो ।
    - उद्योग स्थापना तथा व्यवस्थापन
    - ४ वटा ढाका कपडा बुन्ने तानहरुको उद्योगमा व्यवस्थापन
    - ५ जना महिला उद्यमीहरुका लागि ३ महिने ढाका कपडा बुनाई तालिम प्रदान

- उद्योगका लागि आवश्यक पर्ने कच्चा प्रदार्थहरु जस्तै ढाकाको धागोको व्यवस्थापन
- अन्य सम्बन्धित आवश्यक कार्यक्रम र बजार व्यवस्थापन

○ **लम्कीचुहा नगरपालिका स्तरीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजना** लाई जलवायु परिवर्तन तथा विपद जोखिमको फरक फरक वर्ग समुदायमा पर्ने फरक प्रभावको विश्लेषण गरी सो फरक प्रभाव सम्बोधन सहित स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयारी निर्देशिका अनुरुप स्थानीय विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन कार्ययोजना अद्यावधिक भएको छ। यस योजना अनुसार प्राथमिकिकृत क्रियाकलापहरुको कार्यान्वयन गर्नमा सहयोग गर्दा खेरी अति उच्च जोखिममा रहेका घरपरिवारलाई विभिन्न किसिमका फाईदाहरु पुगेको छ। साथै यस नगरपालिका अर्न्तगत रहेका पथरैया नदि, चरेला खोला, धोविनी खोला किनाराको जोखिमग्रस्त क्षेत्रमा ३०८ मिटर तटबन्ध निर्माणले अन्दाजी ५० हेक्टर संरक्षण र पुनरुत्थान गर्न र नदी किनारका संकटासन्नता समुदायलाई बर्षेनी आइपर्ने बाढी, कटान पटान जस्ता विपदको जोखिम न्युनीकरणमा योगदान पुगेको छ । निम्न क्रियाकलापहरु सफलतापूर्वक सम्पन्न भएका छन् ।

- लम्की चुहा न.पा -१०, मुस्लीम टोल स्थित पथरैया नदी किनारका संकटासन्नता समुदायको जोखिम न्यूनिकरण गर्ने उदेश्यका साथ स्थानिय अनुकुलन योजना मार्फत १४० मिटर तटवन्ध निर्माण मार्फत १० हेक्टर जमिन भुक्षय हुनबाट जोगिएको र प्रत्यक्ष लाभान्वीत घरधुरीः २१ (वाहमण/क्षेत्रीः १, दलितः ६, जनजातिः १ मुस्लिमः १३ ) लाई बाढी, कटान पटान जस्ता विपदको जोखिम न्युनीकरणमा सहयोग पुगेको छ।
- लम्कीचुहा न.पा,मालिका सा.व.उ.स स्थित चरेला नदी किनारका संकटासन्नता समुदायको जोखिम न्यूनिकरण गर्ने उदेश्यका साथ स्थानिय अनुकुलन योजना मार्फत १५० मिटर चरेला नदी तटवन्ध मार्फत २५ हेक्टर जमिन भुक्षय हुनबाट जोगिएको र प्रत्यक्ष ५० घरधुरी लाई बाढी, कटान पटान जस्ता विपदको जोखिम न्युनीकरणमा सहयोग पुगेको छ ।
- लम्की चुहा न.पा -३, व्यवस्थितनगरमा धोविनी खोलामा १८ मिटर तटबन्ध निर्माण सम्पन्न भएको छ जसबाट प्रत्यक्ष ५० घरधुरीलाई बाढी, कटान पटान जस्ता विपदको जोखिम न्युनीकरणमा सहयोग पुगेको छ।

○ बाढी, डुबान, कटान तथा पटान ग्रस्त क्षेत्रमा तटबन्ध निर्माण कार्य तथा बाँस रोपण जस्ता कार्यहरुले गर्दा सो विपदहरुबाट हुने क्षती न्युनीकरण हुनुका साथै वातावरणीय अनुकुलतामा सहयोग पुगेको छ ।

○ सा.व.उ.स.को सदस्यताबाट बञ्चितीकरण, बालबिवाह, छाउपडि, वोक्सीको आरोपमा हुने हिंसा, एकल महिला माथी हुने विभेद, घरेलु हिंसा, लागु पदार्थ दुर्व्यसनी, जातीय विभेद, मिटर व्याजदार, असमान ज्याला आदि जस्ता विद्यमान सामाजिक सवाल सम्बोधन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, महिला नेतृत्व विकास सम्बन्धी विषयगत ज्ञान, सीप तथा दक्षताको विकास, महिला सशक्तीकरण विकासका लागि उपायहरुको खोजी विषयमा सैद्धान्तिक तथा व्यवहारिक तालिम प्रदान गर्दै महिला नेतृत्व विकासमा सहयोग पुगेको छ ।

○ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा महिला नेतृत्व विकासमा पुरुष तथा निर्णायक वर्गको संलग्नतामा नगरपालिका क्षेत्रका वन समुहका कार्यसमिती पदाधिकारीहरुलाई ४ दिने तालिम तथा कार्ययोजना कार्यान्वयन गरिएको थियो। सो तालिम मार्फत सा.व.उ.स को कार्यसमिती तथा निर्णायक वर्गमा पुगेका महिलाहरुको नेतृत्व विकासमा पुरुष तथा निर्णायक वर्गको सहयोग तथा भुमिकाबारे कार्ययोजना निर्माण तथा सम्बन्धित सा.व.उ.समा लागु भएको थियो। लिङ्ग र लैगिकंता, विधमान सामाजिक सवाल सम्बोधन, लैगिंक विकास, महिला सशक्तीकरण विकासका लागि उपायहरुको खोजी तथा स्थानीय स्तरमा प्रयोगका विषयमा सैन्दातिक तथा व्यवहारिक तालिम प्रदान गर्दे महिला नेतृत्व विकासमा सहयोग पुगेको छ। साथै प्राकृतिक स्रोतमा पहुचका लागि उक्त ४ दिने महिला नेतृत्व विकास तालिम मार्फत सहभागीहरुले लिंग र लैंगिकताको अवधारणाको परिभाषा, लैगिक अवधारणा

र सामाजिक मुल्य मान्यतामा आधारित अभ्यासहरु, सामाजिक लैंगिक अवधारणा बारेको बुझाई, लैंगिक अवधारणा बारे बुझि महिला र पुरुषलाई हेर्ने फरक दृष्टिकोणमा सकारात्मक सुधार, लैगिक असमानताको संस्थागत खाका र लै.स.सा.स.को समस्या र समाधानहरुको खोजी, समाजमा हावी लैगिक असमानताका कारण कसरी स्रोत, जिम्मेवारी र शक्तिको बाँडफाँड हुने भन्ने विषयमा प्रष्ट, लैगिक अवधारण बारेको समस्या कारण र असर विश्लेषण, लैंगिक समानता, समता र सामाजिक समावेसीकरण, महिला अधिकार, राज्य र कानुनले महिलाका हक अधिकारहरुको प्रावधान तथा संरक्षण (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता, कानुन) सम्बन्ध जानकारी छलफल, लैङ्गिकता र वन क्षेत्रका नीति, कानुन र मार्गदर्शनको सम्बन्ध बारे प्रस्तुति र छलफल , प्राकृतिक स्रोत र लैंगिकताको सम्बन्धमा राष्ट्रियस्तरमा के कस्ता कानुन नियमहरु, सामुहिक कार्य (लैसस प्रबर्धन गर्न सामुहिक बन समूह र समितिको काम र कर्तब्य), सामुदायिक वनमा महिला नेतृत्व विकासका लागि पुरुष तथा निर्णायक वर्गको भुमिका बारे विषयगत ज्ञान, सीप र दक्षता बढाएका छन् ।

- चेतना सामुदायिक सिकाई तथा कार्य केन्द्रले २०६९/७० मा स्थापना भएपछि पहिलो १६ हप्तामा पहिचान गरेका सवाल र कार्य प्रगति अन्तरगत सामुदायिक सरसफाई, वन सरंक्षण तथा वन गस्ती, वन डढेलो नियन्त्रणका लागि अग्नी रेखा निर्माण, वैकल्पिक उर्जा तथा जलवायु अनुकुलित सुधारिएको चुलो निर्माण, बाढी ग्रस्त क्षेत्रमा उच्च धारा निर्माण, पुल मर्मत तथा तटबन्ध निमार्ण, १२०० विरुवा बृक्षारोपण गरी वन संरक्षण सम्बन्धी अभियान, जलवायु अनुकुलन तथा विपद व्यवस्थापन सम्बन्धी छलफल जस्ता सामाजिक रुपान्तरणका क्रियाकलापहरुमा अग्रणी भुमिका खेलेको थियो। विभिन्न सामुदायिक सिकाई तथा कार्य केन्द्रहरु का सदस्यहरुका विपन्न महिला तथा पछाडि पारिएका वर्गहरु एकताबद्ध भई सफल महिला नेत्तृत्व सहितको चुरे सरक्षंण सहकारी सँस्था लिमिटेड स्थापना गरी समुहको सदस्य मिलि सहकारी मार्फत बचत गर्दै आएको र एक अर्काको समस्यामा सहयोगी भुमिका निर्वाह गर्दै सस्ँथागत रुपमा निरन्तरता दिईएको छ। सो सहकारी सँस्था अहिले आफुलाई लम्की चुहा न.पा क्षेत्रभित्रकै एक अब्बल सहकारी सँस्थाका रुपमा स्थापित गर्दै महिला वर्गहरुलाई सहुलियत दरमा रिण सहयोग गर्ने, विभिन्न प्रकारका उद्यम विकासका क्रियाकलापहरु जस्तै सिलाई कटाई, ढाका उधोग स्थापना जस्ता आयमुलक क्रियाकलापमा विपन्न महिला वर्गहरुलाई प्रोत्साहन गरी उनीहरुको जीवनस्तर सुधारका लागि सहयोग गरिरहेको छ । सामुदायिक सिकाई केन्द्रका महिलाहरु एकजुट भई वन सरंक्षण तथा विकासका लागि तत्कालिन जिल्ला वन कार्यालय, कैलालीसँग आवश्यक समन्वय तथा सहकार्य गरी महिला नेतृत्व सहितको महिला जागरण सामुदायिक वन स्थापना गर्न सफल हुनुभएको छ र सो सा.व.उ.स सरक्षंणका हिसाबले उत्कृष्ट वनका रुपमा विकास भई हाल दिगो वैज्ञानिक वनको रुपमा अगाडि बढीरहेको छ ।

- चेतना सामुदायिक सिकाई तथा कार्य केन्द्रद्वारा समाजमा विद्यमान रहेको सामाजिक सवाल छाउपडी प्रथा उन्मूलन सवाल सम्बोधनका लागि स्थानिय स्तरमै समाधानका उपायहरुको खोजी गरी नियमित रुपमा २५ देखि ३० जना सकंटासन्न विपन्न तथा पिडित महिला तथा किशोरीहरुको सहभागितामा विषयगत रुपमा ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्दै विभिन्न अभियान कार्यक्रम र विविध क्रियाकलापहरु सञ्चालन गर्दा सामाजिक रुपान्तरणका लागि सहयोग पुगेको पाईएको छ भने वडा नं. ३ र ५ छाउपडि मुक्त वडा घोषण भईसकेको छ ।

- उक्त सिकाईलाई लम्कीचुहा नगरपालिकाद्वारा पनि अवलम्बन गरी नगरपालिकाका सबै वडाहरु छाउपडी मुक्त वडा बनाउने उदेश्यका साथ बजेट नै विनियोजन गरी विविध अभियानका क्रियाकलापहरु सञ्चालन गरिरहेको छ । साथै चेतना सिकाई तथा कार्य केन्द्र पनि नगरपालिकाको अभियानमा सक्रिय रुपमा परिचालन भएको छ।

- सा.व.उ.सको सदस्यता शुल्क रु ७००० बाट घटाएर रु. ८०० देखि रु १५०० मा ल्याउन सफल हुनुका साथै ३२ बादी घरधुरीले मुक्त कमैया तथा कर्णाली करिडोर सा.व.उ.स.मासदस्यता प्राप्ति गर्न सफल भएका छन् भने केहीले नागरिकता पनि प्राप्त गरेका छन ।

- सामुदायिक सिकाई तथा कार्य केन्द्र सञ्चालनबाट विपन्न, दलित र महिलाहरुले पैरवी अभियानमा मुख्य नेत्तृत्व बहन गर्दे स्थानीय निकायहरुसँगको सहकार्य तथा समन्वयमा विविध क्रियाकलापहरु सञ्चालन गरी सामाजिक रुपान्तरणका क्षेत्रमा सक्रिय सहभागितामा अग्रपत्तिंमा आउनका लागि सक्षम भएका छन् ।
- लम्की चुहा नगरपालिका क्षेत्रभित्र रहेका ६ वटा सा.व.उ.स. मा क्षमता सुधारका लागि समयानुसारको कार्ययोजना बनाई लागु गर्दा समूहको आन्तरिक तथा बाह्य सुशासन अभिवृद्धी गर्न सहयोग पुगेको पाईएको छ । साथै उक्त समूहहरुको संस्थागत क्षमता पुनःआँकलन गर्दाखेरी उल्लेख्य रुपमा पहिलेभन्दा सुधार भएको र समूह अझ बढी सक्रिय भएको पाइएको छ ।
- ४ वटा प्राकृतिक श्रोत समुहहरुको आन्तरीक लैससास निति बनाई सम्बन्धित समुहहरुको कार्यसमितीबाट अनुमोदन गराई सा.व.उ.स पदाधिकारीहरुमा प्रभावकारी नेतृत्व, निर्णय प्रकृया र पैरवीमा कार्यकुशलता सुधारमा सहयोग पुगेको छ ।
- तरकारीको बिरुवा उत्पादन गर्न प्लाष्टिक थैलाको सट्टा स्थानीय स्तरमा उपलब्ध बिरुवाको पातको थैला (खोचा) प्रयोग गर्दा निम्न आर्थिकस्तर भएका कृषकहरुको जिवनस्तर माथि उठाउन र प्लाष्टिक थैलाको प्रयोगबाट जलवायु परिर्वतनमा परेको असरलाई न्यूनिकरण गर्न मदत पुग्ने देखिन्छ ।

## सिकाई

हरियो वन कार्यक्रमले लम्कीचुहा नगरपालिकामा सञ्चालन गरेका क्रियाकलापहरुको विस्तृत योजना, कार्यक्षेत्र, कार्यशैली आदिका बारेमा सरोकारवालाहरुलाई पारदर्शी ढंगले जानकारी दिई क्रियाकलापहरु सञ्चालन गरिरहेको हुँदा स्थानीय सरकार तथा बासिन्दाहरुको निकै प्रभावकारी सहयोग प्राप्त भएको छ । तसर्थ कुनै पनि परियोजनाका हरेक चरणहरुमा स्थानीय सरकारको नेतृत्व तथा स्थानीय समुदायको अपनत्व गराएर मात्रै कार्यक्रम सञ्चालन गर्नु पर्दो रहेछ भन्ने एकदमै महत्वपूर्ण सिकाई भएको छ । यस्ता कार्यक्रम र क्रियाकलापको खाका तयार गर्दा स्थानीय स्तरमै उपलब्ध स्रोत र साधनहरुको प्रयोग तथा सुधारमा जोड दिनु पर्ने देखिन्छ । कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ताहरु बिच सहभागितात्मक छलफल गर्ने परिपाटीले सुधार गर्नुपर्ने कुराको पहिचान, सुधार योजना, कार्यान्वयन तथा उपलब्धि प्राप्त गर्न सहज हुने देखिएको छ । वाह्य श्रोतबाट प्राप्त हुने प्राविधिक तथा आर्थिक सहयोगका साथसाथै स्थानीय समुदायहरुले एक समुदायमा भएका राम्रा अभ्यास र सिकाईहरु अर्को समुदायलाई सिकाउने र सिक्ने गर्दा संलग्न सबै पक्षलाई फाइदा पुगेको छ । बिकास निर्माणका कार्यक्रमहरु तय गर्दा दोहोरोपना हटाई सकेसम्म लक्षित वर्गहरुमा ती क्रियाकलापहरुले दिगो असर पार्ने गरी तय गरिनु पर्दछ । विभिन्न स-साना क्रियाकलापहरुमा थोरै-थोरै बजेट बिनियोजन गरिनु भन्दा पनि धेरै लक्षित वर्गलाई फाइदा पुग्ने गरी कुनै एक क्रियाकलापका लागि समस्टिगत रुपमा बजेट बिनियोजन गरिनु समुदायका लागि प्रभावकारी हुन सक्छ । त्यस्तै भौतिक तथा पूर्वाधार बिकास निर्माणका संरचना सम्बन्धी योजनाहरु तय गर्दा यस्ता योजनाहरुको कार्यान्वयनबाट त्यहाँको बातावरण संरक्षणमा पर्न सक्ने तत्कालिक र दुरगामी नकारात्मक प्रभावहरु र जलवायु परिबर्तनले यस्ता भौतिक पूर्वाधारका संरचनाहरुमा पार्न सक्ने नकारात्मक प्रभावहरुको उचित लेखाजोखा गरी कार्यान्वयन गर्दा विकासको प्रतिफल दिगो र प्रभावकारी हुन्छ ।

**अन्य केही मुख्य सिकाईहरुः**

- बायोग्याँस जडान गरी सञ्चालनका लागि पर्याप्त रकम, जमीन र घरपालुवा पशु नभएको खण्डमा लम्किचुहा नगरपालिकाले सोको व्यवस्थाका लागि कदम चाल्दा कार्यक्रम थप प्रभावकारी हुन्छ । त्यस्ता समुदायहरूलाई लक्षित गरी स्थानीय सरकारले सरोकारवालाहरुसँग मिलेर बायोग्याँस स्थापना गर्दा लागत कम लाग्दछ ।
- सीपमुलक तालिमका प्रशिक्षार्थीहरुको छनोटमा स्थानीय तहले विशेष भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । तालिम अवधि कम्तीमा पनि एक महिनाको बनाउँदा प्रशिक्षार्थीहरुलाई सहजता महशुस हुने देखिन्छ । तालिमका साथसाथै

उनीहरुलाई पेशागत प्रयोगमा आउने न्यूनतम सामाग्री पनि साथै उपलब्ध गराउँदा उनीहरुलाई आफ्नो व्यवसाय स्थापना तथा स्तरोन्नतीमा मद्दत पुग्ने देखिन्छ ।

- चोरीशिकार नियन्त्रण इकाईका युवाहरु स्वयंसेवी रुपमा संलग्न हुने भएकोले युवाहरु परिवर्तन भइरहन्छन् । समुदायका सचेतकको रुपमा रहनु पर्ने हुनाले उनीहरुको नियमित रुपमा क्षमता विकास गरिरहनु पर्दछ र संरक्षण कार्यमा अद्यावधिक गरिरहनु पर्दछ । यसमा स्थानीय सरकारले नियमित सहयोग गर्नु पर्ने देखिन्छ ।
- जलवायु परिवर्तनका असरहरुलाई सामना गर्न समुदाय र सामुदायिक संगठनहरु (जस्तै सावउस, सामुदायिक सिकाई तथा कार्य केन्द्र, कृषि समूह, सहकारी समूह, समुदाय स्तरका सघं संस्थाहरु, समुदायमा आधारित चोरी सिकारी नियन्त्रण समिति) को परिचालन उपयुक्त माध्यम हो । यसका लागि उनीहरुमा पर्याप्त ज्ञान, सिप तथा क्षमता विकास तथा अभिवृद्धि हुन आवश्यक छ ।
- जलवायु परिवर्तनको असर मानव समुदायको तुलनामा वन तथा जैविक विविधतामा ढिलो देखिएता पनि अन्तत्वगोत्वा मानव समुदायमा यसको प्रभाव उल्लेख्य मात्रामा पर्दछ । (सामुदायिक र पारिस्थितिकीय अनुकूलन)
- हरियो वन कार्यक्रमद्वारा सञ्चालित लैङ्गिक समानता र सामाजिक समावेशीकरण कार्यक्रमले महिला सशक्तीकरणमा उल्लेख्य योगदान पुऱ्याएको छ । तर सामाजिक समावेशीकरण र लैङ्गिक हिंसा रोक्न अझै प्रभावकारी कार्यक्रमहरु लागु गर्न आवश्यक छ । (नेतृत्व विकास, पुरुष तथा निर्णायक वर्गको संलग्नता, जोडी तालिम आदि )
- स्रोत पर्याप्त भएका समूहहरुले सुशासन सुदृढीकरण र प्राकृतिक स्रोतबाट हुने लाभको न्यायोचित बाँडफाँडमा ध्यान पुऱ्याउन आवश्यक छ । (सुशासनका औजारहरुको प्रयोग, सामुदायिक वन विकास मार्गदर्शन, न्यायोचित वितरण आदि)
- १६ हप्तासम्म विविध गतिविधिका साथ सञ्चालन गरिने सामुदायिक सिकाई तथा कार्य केन्द्रको अभ्यासमा निरन्तरताको साथै सहभागी, सहजकर्ता र स्थानिय सरकारको उचित तालमेल र सहकार्य हुन सकेको खण्डमा महिलाहरुलाई संगठित गर्न र स्थानिय स्तरका सामाजिक सवालहरु विषेशगरी विभिन्न प्रकारका लैंगिक हिंसाका सवालहरु सम्बोधनमा प्रभावकारी रहेको पाइएको छ ।
- बजारमुखी जीविकोपार्जन सुधारका कार्यक्रमहरुलाई स्थानीय स्तरको योजना तर्जुमा प्रक्रियामा मूलधारमा ल्याई यी उद्यमहरुको प्रबर्धन गर्नका लागि निश्चित बजेट विनियोजन गरेमा आगामी दिनहरुमा यहाँका बासिन्दाहरुको जीवनस्तर उकास्न सकिन्छ ।
- लम्कीचुहा नगरपालिका र अन्य सरोकारवाला निकायहरुसँगको नियमित बैठक तथा गोष्ठी कार्यक्रमहरुले संयुक्त क्रियाकलाप कार्यान्वयन गर्नमा सहयोग पुऱ्याउँदा कार्यक्रम अझ बढी प्रभावकारी, एकीकृत, लक्षित वर्गमुखी भएको छ । यसरी हरियो वन कार्यक्रम मार्फत साझेदारीमा भएका क्रियाकलापहरुको दिगोपनाका लागि नगरपालिकालको अपनत्व विकास भएको छ ।

## समुदायमा कार्यक्रमको दिगोपना

हरियो वन कार्यक्रमले सञ्चालन गरेका क्रियाकलापहरु स्थानीय स्तरमैं माग भई आएका तथा टड्कारो रुपमा सामाजिक तथा पर्यावरणीय बिकासमा वाधा पुऱ्याउने समस्याका समाधानका कार्यक्रमहरु भएकाले आगामी दिनहरुमा पनि यी कार्यक्रमहरुले निरन्तरता पाउन एकदमै जरुरी भएको महसुस भएको छ। आवधिक योजनाहरूमा लक्षित सामाजिक वृद्धि हासिल गर्न स्रोत तथा साधनमा समान पहुँच, रोजगारीका अवसरहरूको सिर्जना, पर्यावरण संरक्षण, सुशासनको अभिवृद्धिजस्ता संरचनागत आवश्यकताहरुलाई यी कार्यक्रमहरुको निरन्तरताले उचित रूपमा सम्बोधन गर्ने भएकाले लम्की चुहा नगरपालिकाले हरियो वन कार्यक्रमद्वारा सञ्चालन गरिएका क्रियाकलापहरुलाई थप परिष्कृत गर्दै अघि बढाउन जरुरी हुन्छ । यसका लागि लम्की चुहा नगरपालिकाले स्थानीय स्रोत, साधन, सीप, ज्ञान र दक्षताको दिगो सदुपयोग हुने गरी यी कार्यक्रमहरुलाई आफ्नो वार्षिक कार्ययोजनामा समावेश गराई अघि बढाउनु पर्छ जसले गर्दा विकासको मूलधारमा ल्याउन बाँकी रहेका जाति, वर्ग, लिङ्ग, क्षेत्र तथा अल्पसंख्यक, सीमान्तकृत, बञ्चित आदि सबै समुदायको सामाजिक अवसरको पहुँच विस्तारमा सहयोग पुऱ्याउने छन् । जीवनस्तरमा हुने गुणात्मक सुधारले मात्र स्थानीय बासिन्दालाई प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउने र अन्तत्वगोत्वा पर्यावरण संरक्षण र जीवनस्तर सुधार गर्ने हुनाले हरियो वन कार्यक्रम मार्फत हाल सञ्चालन भइरहेका कार्यक्रमहरुलाई निरन्तरता दिनु जरुरी हुन्छ ।

समुदायमा आधारित चोरीशिकार नियन्त्रण इकाईलाई सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको उपसमितिको रुपमा कार्यविधि अनुमोदन गरी संस्थागत गर्नु पर्दछ र सो कार्यमा लम्की चुहा नगरपालिकाले समन्वयकारी भूमिका निर्वाह गर्नु पर्दछ। वहुवर्षिय बालीहरुलाई ब्लकस्तरमा उत्पादन गर्न प्रोत्साहन गरी यस नगरपालिकाको चुरेक्षेत्रमा भू-क्षय कम गर्ने काममा स्थानीय तह, कृषक, नीजि क्षेत्र लगायत सबै सरोकारवालाहरुको सहकार्य जरूरी हुन्छ । यी सबै सरोकारवालाहरुको सहकार्य स्थानीय उत्पादनको बजारीकरणमा पनि जरूरी हुन्छ। स्थानीय सरकारले असल अभ्यासको अनुसरण गरी आफ्ना वार्षिक नीति तथा कार्यक्रमका मूलप्रवाहीकरण गर्नु पर्दछ। जलाधार क्षेत्रमा संस्थागत संरचनाको स्थापना तथा बिकासका लागि पनि स्थानीय सरकारले पहल गर्दा थप प्रभावकारी हुन्छ। वातावरणमैत्री भौतिक पुर्वाधार बिकासका लागि पनि सम्बन्धित समुदाय र सरोकारवाला निकाय, संस्थासँगको सम्बन्ध स्थापित गर्न लम्की चुहा नगरपालिकाले समन्वयकारी भूमिका निर्वाह गर्दा हरियो वन कार्यक्रमको अन्त्य पछि पनि यी सफल कार्यक्रमहरुले दिगोपना पाउने देखिन्छ।

हरियो वन कार्यक्रमको समयावधी समाप्त हुनु अघि हाल सञ्चालनमा रहेका क्रियाकलापहरु र आशातीत उपलब्धिहरु हासिल हुने गरी सम्पन्न गरिनेछ । सफल देखिएका क्रियाकलापहरुलाई बिस्तार गर्नका लागि आवश्यक प्राविधिक सहयोग निरन्तर प्रदान गरिनेछ। ती क्रियाकलापहरुलाई राष्ट्रिय योजना तथा अन्य आयोजनाहरु साथै सरोकारवालाहरु र हरियो वन कार्यक्रमका साझेदार संस्थाहरुसँग सहकार्य तथा साझेदारीका लागि प्रयासहरु गरिनेछ । साथै बाँकी समयावधीमा यी कार्यक्रमहरु कार्यान्वयनका दौरान प्राप्त सिकाई तथा उपलब्धिहरुको अभिलेखिकरण पनि गरिनेछ।

**हरियो वन कार्यक्रम**

USAID अमेरिकी जनताबाट    WWF    care    FECOFUN    NTNC

**डिस्क्लेमर:** यो सामाग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो। यस सामाग्री भित्रका विषयवस्तु र सामाग्री डब्लुडब्लुएफ नेपालका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन।